थाहानगरको करको दायरामा १८ संस्थागत करदाता समेटिए । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-७
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१७, अंक-०८ ● २०८१ भाद्र २४ गते सोमबार, ● 09 September, 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## प्रमुख प्रशासकीय अधिकृतहरूलाई मन्त्रालयको निर्देशन

◆ विकास संवाददाता

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जिल्ला समन्वय समिति अधिकारी र स्थानीय तहका प्रमुख प्रशाससकीय अधिकृतलाई कार्यक्रममा जथाभावी सहभागी नहुन निर्देशन दिएको छ ।

मन्त्रालयले २१ भाद्रमा देशभरका सबै जिल्ला समन्वय समिति र स्थानीय तहलाई पत्राचार गर्दै मन्त्रालयले स्थानीय तहको क्षेत्रबाहिर सहभागी हुन आमन्त्रण गरिएको कार्यक्रममा र आयोजक संस्थाले मन्त्रालय, विषयगत मन्त्रालय तथा निकायसँग समन्वय नगरेको कार्यक्रममा सहभागी नहुन जिल्ला समन्वयका हाकिम र प्रशासकीय अधिकृतलाई निर्देशन दिएको हो ।

सचिवस्तरीय बैठकको निर्णयअनुसार भन्दै मन्त्रालयले दिएको निर्देशनमा संघीय सरकारले स्थानीय सरकारका हाकिमलाई एनजीओ/एनजीओलगायतले गर्ने कार्यक्रममा सहभागी कडाइ गरेको छ ।

# एकैवर्ष ४ हजार बढि किसान परिवारलाई अनुदान

विकास संवाददाता
थाहानगर

मकवानपुर थाहा नगरपालिकाले कृषि क्रान्तिकै रूपमा विभिन्न किसानमैत्री कार्यक्रम संचालन गर्दै आएको छ । पालिकाले संघ, प्रदेश तथा विभिन्न परियोजनाहरू समेतको सहकार्यमा किसान केन्द्रित कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । त्यसोतः किसानहरूको लागत सहभागितामा आधारित अनुदानलाई वर्षेनी बढाउँदै गएको छ । नगरपालिकाले गरेको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक समीक्षाको तथ्याङ्क अनुसार पनि कृषि क्षेत्रमा वर्षेनी बजेट समेत वृद्धि भएको तथ्याङ्कले देखाएको छ ।

थाहा नगरपालिकाले गत आर्थिक वर्ष २०८०/०८१ मा मात्र नगरपालिकाको १२ वटै वडाको गरी कुल ४ हजार १ सय ४ किसान परिवारलाई विभिन्न किसिमको अनुदान वितरण गरेको तथ्याङ्क छ । यो तथ्याङ्क गत आर्थिक वर्षको भन्दा १ हजार ३२ परिवार बढि हो । आर्थिक वर्ष २०७९/०८० मा थाहा नगरपालिकाले सबै वडाका गरी कुल ३ हजार ७२ किसान परिवार कृषि अनुदानको लाभग्राही भएको कृषि अधिकृत प्रदिप गुरूङले जानकारी दिए । यद्यपि वि.सं. २०७८ को तथ्याङ्क अनुसार थाहा नगरपालिकाको कुल ९ हजार ७ सय ४९ परिवार मध्ये ७७.८० प्रतिशत किसान छन् ।

### थाहानगरको कृषि क्रान्ति

थाहा नगरपालिकाले आर्थिक वर्ष २०७९/०८० मा ई.एम झोल मल वितरण निःशुल्क वितरण गरेको छ । उक्त आर्थिक वर्षमा १ सय ६७ परिवारलाई उक्त सामाग्री वितरण गरिएको कृषि विकास शाखा प्रमुख संजय तिवारीले जानकारी दिए । सोही आर्थिक वर्षमा सिल्पोलिन टनेल प्लाष्टिक वितरण ९० जि.एस.एम.को ७२ वर्गमीटरको ५० प्रतिशत अनुदानमा १ सय ८१ परिवारलाई वितरण गरिएकोमा आर्थिक वर्ष २०८०/०८१ मा १ सय ६० परिवारलाई वितरण गरिएको थियो । ५० प्रतिशत अनुदानमा मल्चिङ प्लाष्टिक ३ सय किसान परिवारलाई वितरण गरिएकोमा आर्थिक वर्ष २०८०/०८१ मा २ सय ४० परिवारलाई बढाउँदै ५ सय ४० परिवारलाई वितरण गरिएको छ ।




१६ लिटरको स्प्रेयर डियुल टु इन वान पम्प ५० प्रतिशत अनुदानमा २ सय १६ परिवारलाई वितरण गरिएकोमा आर्थिक वर्ष २०८०/०८१ मा १ सय ७ किसान परिवारलाई थप्दै ३ सय २३

बाँकी पेज ६ मा

## मकवानपुरमा मातृशिशु मृत्यू शुन्य

◆ विकास संवाददाता

विगत केही वर्षअघिसम्म घरमा सुत्केरी गराउने मकवानपुरका गर्भवती पछिल्लो समय स्वास्थ्य संस्थामा पुगेर सुत्केरी गराउन थालेपछि मातृ मृत्युदर र शिशु मृत्युदरमा सुधार आएको छ । स्वास्थ्य संस्थामा गएर नियमित गर्भवती जाँच गराउने र स्वास्थ्य संस्थामै पुगेर सुत्केरी गराउनेको संख्या बढेका कारण मातृ मृत्युदर र नवजात शिशु मृत्युदरमा कमी आएको जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख कृष्णबहादुर मिजारले बताए ।

स्वास्थ्य संस्थामा सुत्केरी गराउने महिलालाई सरकारले भत्तालगायत सुविधा दिनु, पछिल्लो समय बाटोघाटो बनेर यातायातको सहजता हुनु र स्वास्थ्य संस्थाप्रति विश्वास बढ्नुजस्ता कारणले स्वास्थ्य संस्थामा पुगेर सुत्केरी गराउने दर बढ्दै गएको हो । घरमा सुत्केरी गराउँदा आमा र नवजात शिशु दुवैको ज्यान जोखिममा पर्ने गरेकाले पनि स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउनेको संख्या पछिल्ला वर्षमा बढेको उहाँको भनाइ छ । उहाँका अनुसार आर्थिक वर्ष २०८०/८१ मा मकवानपुरमा सुत्केरी गराउने क्रममा कुनै पनि आमा र नवजात शिशुको मृत्यु भएको छैन ।

आव २०८०/८१ मा ६६ प्रतिशत गर्भवतीले स्वास्थ्य संस्थामा गएर सुत्केरी गराएको जिल्ला जनस्वास्थ्य कार्यालयले जनाएको छ । आव २०७९/८० मा ७६ प्रतिशत गर्भवती स्वास्थ्य संस्थामा सुत्केरी गराएको थियो । मकवानपुरबाहेक काठमाडौं, ललितपुर र भक्तपुरलगायत जिल्लाका स्वास्थ्य संस्थामा पुगेर पनि सुत्केरी गराउने गरेकाले अघिल्लो वर्षको तुलनामा यस वर्ष संख्या केही कम देखिएको प्रमुख मिजारले जानकारी दिए ।

यस्तै स्वास्थ्य संस्थामा गएर गर्भजाँच गराउने गर्भवतीको संख्या पनि विगत वर्षको तुलनामा बढेको छ । गर्भजाँच कम्तीमा आठपटक गराउनुपर्ने हुन्छ । गर्भको नियमित जाँच गराउने गर्भवतीको संख्या आव २०७९/८० मा ३० प्रतिशत रहेकामा आव २०८०/८१ मा बढेर ४८ प्रतिशत पुगेको उनले बताए । स्वास्थ्य संस्थामा गएर पहिलोपटक गर्भवती जाँच गराउनेको संख्या शतप्रतिशत रहे पनि नियमित चारपटकसम्म स्वास्थ्य संस्थामा गर्भ जाँच गराउने महिलाको संख्या ५६ प्रतिशतमात्र रहेको बताए ।

मातृ मृत्युदर र नवजात शिशु मृत्युदर मा कमी ल्याउन प्रोत्साहन कार्यक्रम सञ्चालन भएको र सर्वसाधारणमा चेतनाको विकास हुँदै गएका कारण स्वास्थ्य संस्थामा गएर गर्भजाँच गराउने र सुत्केरी हुनेको सत्या बढेका कारण मातृ तथा नवजात शिशु मृत्युदरमा कमी आएको उनले जानकारी दिए ।






प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
www.bikaskhabar.com
bikaskhabar@gmail.com

## • सम्पादकीय •

# पुस्तकालय व्यवस्थापनमा स्थानीय सरकारको सक्रियता आवश्यक

जर्ज आर.आर मार्टिनले भनेका छन्–'जसरी तरबारलाई तिखो बनाउन ढुंगाको आवश्यकता पर्दछ, उसरी नै मस्तिष्कको लागि पुस्तक ।' भोल्टेएर भन्छन्–'पुस्तकले संसारलाई शासन गर्दछ।' यि भनाइले पुस्तक र पुस्तकालयको महत्वलाई दर्साउँछ । मानव जीव अन्य प्राणीभन्दा सर्वश्रष्ठ हुनुमा उनीहरूको ज्ञान/अनुभवको संग्रह र पुस्तान्तर प्रमुख हो। जब मानवले आफ्ना संग्रह गरेका ज्ञानलाई विभिन्न माध्यममा लिपी गर्न थाले, त्यतिबेलादेखि मानव समाज विकसित रूपमा निरन्तर अघि बढ्दै आएको छ। ज्ञानको संग्रह नै उच्चतम विकसित रूपमा पुस्तकलाई लिन सकिन्छ । जुन समाजमा पुस्तक र पुस्तकालयको विकास भएको छ, त्यो समाज अन्य समाजभन्दा अघि बढेको इतिहास छ। कुनै पनि समाजको चेतना मापनमा उक्त समाजमा कति पुस्तकालय छन्, वर्षमा कति पुस्तकहरू प्रकाशित हुन्छ साथै साहित्यिक बहस कत्तिको हुन्छ भन्ने कुरालाई आधार मान्न सकिन्छ। नेपालमा केही सीमित सहर बाहेक अधिकांश ठाउँमा सामुदायिक पुस्तकालय नै छैन। विभिन्न युवा क्लब, संघसंस्थाले स्थापित गरेका पुस्तकालयहरू पनि समयक्रम सँगै बन्द भएका छन्।

प्रायः स्थानीय तहहरूले भौतिक विकासको तुलनामा मानवीय विकासलाई जोड दिएको पाइँदैन। यदि मानवीय विकासमा थोरै जोड दिए पनि पुस्तकालयमा ध्यान दिएको पाइँदैन। यस्तो अवस्थामा स्थानीय तहले स्पष्ट रूपमा आफ्नो नीति तथा कार्यक्रममा नै पुस्तकालयबारे उल्लेख गर्न जरूरी छ। नीति तथा कार्यक्रममा बजेट विनियोजन हुने भएकाले पुस्तकालय स्थापना, सञ्चालन, पुस्तक वितरण, विभिन्न छलफल लगायतका कार्य गर्न सजिलो हुन्छ। स्थानीय तहमा कति वटा पुस्तकालय छन्। उनीहरूको अवस्था कस्तो छ। सरकारी हो कि वा संघ संस्थाद्वारा सञ्चालित हो ? विद्यालयमा पुस्तकालय छन् कि छैन ? विभिन्न दृष्टिकोणबाट अध्ययन गरेर तथ्यांक लिन सक्यो भने पुस्तकालयको वर्तमान अवस्था बुझ्न सहज हुन्छ। त्यही अनुरूप कार्ययोजना बनाएर अघि बढ्न मद्दत पुग्छ। स्थानीय तहले विशेष आफ्नै मातहातमा रहने गरी सुविधा सम्पन्न पुस्ताकालय आफ्नै कार्यलय परिसरमा निमार्ण गर्नुपर्छ। यसतर्फ पनि ध्यान गएको पाइँदैन ।

हामीले पुस्तकालय संस्कृतिलाई व्यवस्थित एवम् प्रभावकारी बनाउने हो भने स्थानीय तहहरूले नै विशेष भूमिकासहित जिम्मेवारी लिनुपर्दछ। नेपालको संविधान २०७२ को अनुसूची ८ मा स्थानीय तहलाई एकल अधिकार २२ वटा र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार १५ वटा रहेको छ । साथै संविधानको भाग–४ को धारा ( ५१ उपधारा( ज (४) मा नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने, भनेर स्पष्ट उल्लेख गरेको छ। आज हामीले समाजमा के कस्तो लगानी गर्छौं, त्यही अनुरूप केही वर्षमा समाजको निर्माण हुने गर्दछन्। स्थानीय तहले व्यवस्थित रूपमा पुस्तकालय सञ्चालन गरेका होलान ? प्रश्नको उत्तर खोज्दा अझै पनि त्यति चित बुझ्दो छैन। यदि पुस्तकालयमा सबै नागरिकको पहुँच विस्तार गर्ने हो भने विशेष स्थानीय तहले नै जोड दिनुपर्छ । तसर्थ, स्थानीय तहले पुस्तकालय विकासका निम्ति कुरामा विशेष ध्यान दिन जरूरी छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:०० | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काठमाण्डौ (फोर्स) |
| विहान | ९: ०० | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:०० | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १०:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १०:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १०:३० | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३० | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३० | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३० | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३० | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:०० | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३० | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# कृषि कर्जा प्रवाह र प्रभावकारिता



◆ धर्मराज भट्टराई

कृषि क्षेत्रलाई मुलुकको अर्थतन्त्रको मेरूदण्ड मान्ने गरिन्छ । मुलुकको कुल जनसंख्याको करिब ६० प्रतिशत जनसंख्या यही क्षेत्रमा निर्भर रहनु र देशको कुल गार्हस्थ उत्पादनमा समेत कृषि क्षेत्रको हिस्सा अग्रस्थानमा हुनुले यसको महत्वलाई सजिलै आँकलन गर्न सकिन्छ । सरकारले बनाउने हरेक योजना तथा कार्यक्रमहरूमा समेत कृषिलाई प्राथमिकताका साथ आगाडि सारिएको देखिन्छ । चालू आर्थिक वर्षको बजेटमा अघि सारिएका प्राथमिकताका क्षेत्रहरूमध्ये अग्रस्थानमा कृषि क्षेत्रको रूपान्तरणलाई उल्लेख गरिएको छ । नेपालमा आवधिक योजनाको सुरूवातदेखि नै कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर कार्यक्रमहरू निर्माण गरेको पाइन्छ । विशेषगरी, पाँचौं पञ्चवर्षीय योजनादेखि कृषिलाई नै पहिलो प्राथमिकतामा राखेर योजना तथा कार्यक्रमहरू निर्माण गरिएको थियो । लामो समयदेखि मुलुकका राष्ट्रिय योजना तथा नीतिहरू तर्जुमा गर्दा कृषिलाई प्राथमिकतामा राखिएको भनिए पनि यसबाट मुलुकले अपेक्षित लाभ लिन सकिरहेको अवस्था छैन ।

कृषि क्षेत्रको प्रवर्धन यस क्षेत्रमा गरिने लगानीको आकारले निर्धारण गर्छ । यस क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणका लागि पर्याप्त लगानी हुनु जरूरी देखिन्छ । किसानहरूको आम्दानी एवं बचत गर्ने क्षमता नहुँदा उनीहरूबाट ठूलो लगानीको आशा गर्न सकिने अवस्था छैन । बीउबिजन, मल, पशुपंक्षी, कृषिऔजार आदि खरिददेखि कृषिजन्य वस्तुहरूको बजारीकरणसम्म लाग्ने खर्च धान्नसमेत उनीहरूलाई मुस्किल देखिन्छ । यस्तो अवस्थामा निजी तथा वैदेशिक लगानीको आवश्यकता यस क्षेत्रमा समेत परेको देखिन्छ । तथापि, अन्य क्षेत्रमा जस्तो तत्काल ठूलो प्रतिफल हुने सुनिश्चितता नदेखेका कारण निजी लगानीकर्ताहरू यस क्षेत्रमा आकर्षित भएको देखिँदैन ।

यसै कुरालाई मनन् गर्दै मुलुकका निजी बैंक तथा वित्तीय संस्थाहरूले समेत कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर कर्जा प्रवाह गर्नुपर्ने प्रावधान राखिएको छ । नेपाल राष्ट्र बैंकले यस क्षेत्रमा कर्जा प्रवाहका लागि न्यूनतम सीमा कायम गरेर निर्देशन दिँदै आएको छ । राष्ट्र बैंकको एकीकृत निर्देशन २०७९-८० मा भएको विपन्न वर्ग तथा तोकिएका उत्पादनशील क्षेत्रमा प्रवाह गर्नुपर्ने कर्जासम्बन्धी व्यवस्थानुसार बैंक तथा वित्तीय संस्थाले यस क्षेत्रमा समेत कर्जा लगानी गर्नुपर्ने हुन्छ । यसअन्तर्गत २०८४ असार मसान्तसम्ममा वाणिज्य बैंकहरूले कृषि क्षेत्रमा १५ प्रतिशत कर्जा विस्तार गर्नुपर्नेछ । २०८१ असार मसान्तसम्ममा भने ११ प्रतिशत कर्जा विस्तार अनिवार्य रूपमा गर्नुपर्ने व्यवस्था राष्ट्र बैंकले गरेको छ ।

बैंक तथा वित्तीय संस्थाले कर्जाको निश्चित प्रतिशत अनिवार्य कृषि क्षेत्रमा लगानी गर्नुपर्ने बाध्यात्मक व्यवस्था आएपछि सुरूका वर्षहरूमा यस क्षेत्रमा केही मात्रामा लगानी बढेको देखिन्छ । विगत ५ वर्षको अवधिमा कृषि क्षेत्रमा बैंकको लगानी बढेको देखिएको छ । यस क्षेत्रमा आव २०७५-७६ सम्म बैंक तथा वित्तीय संस्थाबाट कुल १ खर्ब ९३ अर्ब ३४ करोड रूपैयाँ कृषि कर्जा प्रवाह भएको थियो । जुन आव २०७४-७५ को तुलनामा ४२ दशमलव ५ प्रतिशतले बढी थियो । यसपछि आव २०७६-७७ सम्म यो रकम १६ दशमलव ७ प्रतिशतले वृद्धि भई २ खर्ब २५ अर्ब ७७ करोड रूपैयाँ पुग्यो । यसैगरी, आव २०७७-७८ मा ४३ दशमलव ६ प्रतिशतले वृद्धि भई ३ खर्ब २४ अर्ब २० करोड रूपैयाँ, आव २०७८-७९ मा ९ दशमलव ७ प्रतिशतले वृद्धि भई ३ खर्ब ३८ अर्ब २२ करोड रूपैयाँ र आव २०७८-७९ मा ६ दशमलव ८ प्रतिशतले वृद्धि भई ४ खर्ब १४ अर्ब ६६ करोड रूपैयाँ पुगेको थियो । आव २०८०-८१ सम्म आइपुग्दा यो रकम ४ खर्ब १८ अर्ब ४३ करोड रूपैयाँ पुगेको छ । सुरूका वर्षहरूमा खरायो गतिमा बढेको कृषि कर्जा प्रवाह पछिल्ला वर्षहरूमा भने कछुवा गतिमा अगाडि बढेको देखिएको छ ।

रकमका दृष्टिकोणले लगानी बढेको देखिए पनि बैंकहरूले प्रवाह गरेको कुल कर्जाको अनुपातमा भने कृषि क्षेत्रमा प्रवाह भएको कर्जाको अवस्था सन्तोषजनक देखिँदैन । गत आवसम्म बैंकिङ प्रणालीबाट निजी क्षेत्रमा ५० खर्ब ७४ अर्ब रूपैयाँबराबरको कर्जा प्रवाह भएको छ । यसमध्ये कृषि क्षेत्रमा ४ खर्ब १८ अर्ब ४३ करोड रूपैयाँ मात्र लगानी भएको छ । जुन कुल कर्जाको करिब ८ प्रतिशत मात्र हुन आउँछ । यसैगरी, अघिल्लो आवको तुलनामा गत आव कृषि क्षेत्रमा प्रवाह भएको कर्जा शून्य दशमलव ९ प्रतिशतले मात्र बढेको छ । यसबाट बैक तथा वित्तीय संस्थाहरूको कृषि क्षेत्रप्रतिको आकर्षण घट्न थालेको संकेत गर्छ ।

वाणिज्य बैंक तथा अन्य वित्तीय संस्थाहरूबाहेक लघुवित्तहरूबाट समेत कृषि क्षेत्रमा कर्जा प्रवाह भएको देखिन्छ । नेपाल राष्ट्र बैंकको तथ्यांकनुसार २०७९ पुस मसान्तसम्म 'घ' वर्गको वित्तीय कारोबार गर्न इजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाहरू ६४ वटा रहेका छन् भने तिनका शाखा संख्या ५ हजार १ सय ५१ पुगेका छन् । तुलनात्मक रूपमा कर्जा लिन सहज हुने भएकाले बढी ब्याजदर र कम सहुलियत हुँदासमेत किसानहरू यसप्रति आकर्षित छन् । थोक कर्जा प्रवाहबाहेकका लघुवित्तहरूले २०७६ असारसम्म लगानीमा रहेको १ सय ९८ अर्ब ४० करोड कर्जामध्ये ४७ दशमलव ३ प्रतिशत अर्थात् ९३ अर्ब ९० करोड रूपैयाँ कृषि क्षेत्रमा रहेको जनाएका थिए । यसपछि तथ्यांक अद्यावधिक भएको देखिँदैन । यसैगरी, हजारौं सहकारीबाट पनि कृषि क्षेत्रमा कर्जा प्रवाह हुने गरेको छ । तथापि, पछिल्लो समय मुलुकका लघुवित्त तथा सहकारीहरूमा असहज स्थिति देखिएका कारण धेरै किसान मर्कामा परेका छन् । लघुवित्त र सहकारी संस्थाहरूबाट पाउँदै आएको सहज एवं सरल कर्जा प्राप्त गर्नबाट किसानहरू वञ्चित भएको गुनासो आउने गरेको देखिन्छ ।

कृषि क्षेत्रतर्फ कर्जा बढाउन सरकारले ब्याज अनुदान दिने नीतिसमेत कार्यान्वयनमा ल्याएको जनाएको छ । विभिन्न समयमा परिमार्जित हुँदै हाल सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि २०७५ कार्यान्वयनमा रहेको छ । तेस्रोपटक संशोधित यस कार्यविधिनुसार बैंकहरूले व्यावसायिक कृषि तथा पशुपंक्षीपालन लगायत १० वटा क्षेत्रमा कार्यान्वयनमा कर्जा दिने व्यवस्था छ । यस्तो कर्जामा बैंकहरूले आफ्नो आधारदरमा अधिकतम २ प्रतिशत बिन्दुले थप गरी ब्याजदर निर्धारण गर्न पाउँछन् । त्यसमध्ये महिला उद्यमशीलता कर्जामा ६ प्रतिशत र अन्य कर्जाको ब्याजमा ५ प्रतिशत अनुदान सरकारले दिने व्यवस्था छ । नेपाल राष्ट्र बैंकका अनुसार २०८० असारसम्ममा बैंकहरूबाट १ लाख ४५ हजार जना ग्राहकले १ खर्ब ९७ अर्ब रूपैयाँ सहुलियत कर्जा लिएका थिए । तथापि, पछिल्लो समय सरकारले ब्याज अनुदानबापतको रकम समयमै भुक्तानी नदिएको गुनासो बैंक तथा वित्तीय संस्थाहरूले गरेका छन् । यसैकारण बेलाबखत यसको निरन्तरतामा समेत बाधा पुगेको देखिएको छ । यसैगरी, यसको प्रभावकारितामा समेत प्रश्न उठ्ने गरेको छ । विशेषगरी, यस्ता कर्जाहरूबाट वास्तविक किसान र लक्षित समूहले लाभ उठाउन नसकेको र गैरकिसान लाभान्वित भएको गुनासो सुनिने गरेको छ । कृषि कर्जालाई प्रभावकारी बनाउन मौजुदा सहुलियतपूर्ण कर्जा नीति तथा कार्यक्रममा पुनरावलोकन गर्नुपर्ने आवाज उठेको छ । यसका लागि सर्वप्रथम वास्तविक र सहुलियत कर्जा आवश्यक पर्ने किसानको पहिचान गर्नुपर्ने जरूरी छ । आर्थिक स्तर, जग्गाको स्वामित्व, उत्पादन क्षमतालगायतका आधारमा किसानको वर्गीकरण गरी लक्षित वर्गको पहिचान गर्नुपर्ने आवश्यकता देखिएको छ ।

सरकारले हरेक वर्ष कृषिमा लगानी बढ्दै गएको दाबी गरे पनि मुलुकको अर्थतन्त्रमा यसको योगदान भने क्रमशः घट्दै गएको देखिन्छ । एक दशकअघिसम्म देशको कुल गार्हस्थ उत्पादन (जीडीपी)मा करिब ४० प्रतिशतसम्म योगदान रहेको कृषि क्षेत्र अहिले खुम्चिएर करिब २४ प्रतिशतमा झरेको छ । यसको अर्थ मुलुकमा अन्य क्षेत्रहरू हावी बन्दै गएको पुष्टि गर्छ । करिब दुई तिहाइ जनसंख्या आश्रित रहेको कृषि क्षेत्रले मुलुकको अर्थतन्त्रमा एक तिहाइ पनि योगदान दिन नसक्नुले यस क्षेत्रमा समस्याहरू जीवितै छन् भनेर बुझ्न सकिन्छ । कृषि क्षेत्रका प्रमुख समस्यामा लगानीको कमी पनि एक हो । यस समस्याको समाधानका लागि बैंक तथा वित्तीय संस्थाहरूलाई यस क्षेत्रप्रति आश्वस्त पार्न सक्नुपर्ने देखिन्छ । बैंकले सर्वसाधारणको निक्षेप परिचालन गरी कर्जास्वरूप लगानी गर्ने हुँदा ग्राहक तथा परियोजनाको समग्र जोखिम विश्लेषणपश्चात प्रवाह गरिने कर्जाको असुलीको सुनिश्चितता हुनुपर्छ । कृषि कर्जाको हकमा पनि यो नियम लागू हुन्छ ।

मुलुकका अधिकांश कृषियोग्य भूमि मनसुनमा निर्भर छन् । कहिले कम वर्षा भएर खडेरीको मारमा पर्नुपर्छ भने कहिले अधिक वर्षाले बाढी पहिरोको चपेटा सहनुपर्छ । समस्या जलसँग मात्र छैन, अर्को महत्वपूर्ण खेतीबाली लगाउने समयमा आवश्यक पर्ने मलसमेत पर्याप्त उपलब्ध हुँदैन । यसबाहेक बेलाबखत

*बाँकी पेज ३ मा*

जि.प्र.का. मकवानपुर दर्ता नं. ५१/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# फिटकिरी के औषधी लाग्छ ?



एन्टिबायोटिक र एन्टी–इन्फ्लेमेटरी गुणले भरिपूर्ण फिटकिरी प्रायः भान्सामा हुने रासायनिक पदार्थ हो । यसले स्वास्थ्यलाई धेरै किसिमले फाइदा पुऱ्याउँछ । यसमा रहेको आल्मुनियम सल्फेटले मानव कोषलाई स्वस्थ राख्न मद्दत गर्छ । फिटकिरी धेरै औषधीय गुणले भरिपूर्ण हुन्छ ।

पछिल्लो समय फिटकिरीको प्रयोग एकदमै कम हुने गर्छ, किनकि अहिले हरेक समस्याको समाधान मान्छेलाई छिटो चाहिन्छ । फिटकिरी जस्ता प्राकृतिक कुराले बिस्तारै समस्या समाधान गर्ने भएकाले पनि यसको प्रयोग कम भएको हुनसक्छ ।

## फिटकिरीको औषधीय गुण र उपयोगिता

फिटकिरीमा एन्टिबायोटिक गुण पाइन्छ, जसकारण यो धेरै प्रकारका संक्रमणसँग लड्न निकै प्रभावकारी हुन्छ । मुखमा घाउ आउने र टन्सिलको समस्यामा यसको प्रयोग गर्न सकिन्छ । फिटकिरी दाँतको दुखाइ र गिजाको समस्यामा पनि उपयोगी हुन्छ । दाँतमा रहेको प्लाक पनि यसको प्रयोगले कम गर्न सकिन्छ ।

यसमा एन्टी–ब्याक्टेरियल गुण पनि पाइन्छ । यस गुणको कारण यो ब्याक्टेरिया नष्ट गर्न धेरै प्रभावकारी हुन्छ । घाँटी दुख्ने, शरीरको दुर्गन्ध, चिलाउने, एक्जिमा, डन्डीफोर जस्ता समस्यामा फिटकिरी फाइदाजनक मानिन्छ । शरीरमा पसिनाको दुर्गन्ध आउँछ भने त्यो दुर्गन्ध हटाउन पनि यसको प्रयोग गर्न सकिन्छ ।

महिलाको यौनाङ्गबाट सेतो पानी बग्ने समस्या, पायल्सको समस्या र युरिन इन्फेक्सनको समस्यामा पनि फिटकिरीको प्रयोग गरिन्छ । फिटकिरीको प्रयोग पायल्सको प्राकृतिक उपचारमा पनि लाभदायक मानिन्छ ।

फिटकिरीमा पाइने एन्टी–इन्फ्लेमेटरी गुणले दुखाइ र सुन्निने समस्यालाई कम गर्छ । यदि शरीरको कुनै भागमा दुखाइ वा सुन्निएको छ भने त्यसमा पनि फिटकिरीको प्रयोग गर्न सकिन्छ ।

फिटकिरीमा एस्ट्रिन्जेन्ट गुण प्रचुर मात्रामा पाइन्छ । यसको प्रयोगले अनुहारको दाग र चाउरीको समस्या पनि कम गर्न सक्छ । अनुहारको कालोपन हटाउन पनि फिटकिरी प्रभावकारी हुन्छ । यसमा पाइने एस्ट्रिन्जेन्ट गुणका कारण यसले छालाको छिद्रलाई कडा बनाउन मद्दत गर्छ ।

## प्रयोग गर्ने तरिका

टन्सिलको समस्या छ वा मुखमा घाउ आएको छ भने फिटकिरी पानीले मुख कुल्ला गर्दा छिटो सन्चो हुन्छ । एक गिलास मनतातो पानीमा एक चिया चम्चा फिटकिरीको धुलो मिसाएर बिहान बेलुका कुल्ला गर्दा समस्या कम हुन्छ ।

काटेको ठाउँबाट रगत बगेको छ भने फिटकिरी पानीले त्यो ठाउँमा धुने र फिटकिरीको पाउडर लगाइयो भने रगत बन्द हुन्छ । शरीरमा पसिनाको दुर्गन्ध आउँछ भने त्यसलाई हटाउन पानीमा दुईदेखि तीन चम्चा फिटकिरीको धुलो मिसाएर नुहाउन सकिन्छ । शरीरको कुनै भागमा दुखाइ वा सुन्निएको छ भने फिटकिरी पानीमा डुबाउनाले आराम मिल्छ ।

अनुहारमा फिटकिरी रगड्दा पिम्पल र चाउरीको समस्या कम हुन्छ । यसबाहेक फिटकिरी पानीले पनि मुख धुन सकिन्छ । यसो गर्दा छाला सम्बन्धी समस्यामा धेरै फाइदा हुन्छ । शरीरमा खटिरा आएर चिलाउँछ भने दैनिक फिटकिरी लगाउँदा कीटाणुहरू नष्ट भई चिलाउने समस्या हट्छ । संक्रमण फैलिन दिँदैन ।

फिटकिरीलाई तातो पानीमा भिजाएर त्यसले आफ्नो संवेदनशील अंगकव सफाइ गर्ने गर्नुपर्छ । यस्तो गर्दा सेतो पानी बग्ने समस्या कम हुने गर्छ । आधा चम्चा फिटकिरीलाई एक गिलास पानीमा मिसाएर बिहान उठेपछि र राति सुत्नेबेला कुल्ला गर्दा दाँतलाई बलियो बनाउँछ । साथै सासको दुर्गन्ध पनि हट्छ ।

पायल्सको समस्या हुनेले पानीमा फिटकिरी मिसाएर प्रभावित क्षेत्रमा लगाउन सकिन्छ । यसले पायल्सको समस्यालाई कम गर्छ ।

# के हो, जलनेती यो कसरी गरिन्छ ?

जलनेती एक प्राचीन र प्राकृतिक योगिक क्रिया हो । जसरी दाँत माझेर दाँतको सरसफाइ गरिन्छ, जलनेतीको अभ्यासले नाकको सरसफाइ हुन्छ ।

नाक सफा गर्ने यस प्रक्रियामा नाकबाट फोहोर हटाउन नाक नुन पानीले धोइन्छ । यसले पिनासबाट छुटकारा पाउन पनि मद्दत गर्नुका साथै नाकमा फोहोर जम्न दिँदैन र जम्मा भएका कीटाणु पनि निकाल्छ । कुनै पनि योगाभ्यास गर्न राम्रोसँग सास लिन सहज बनाउन जलनेतीले मद्दत गर्छ ।

## विधि

- जलनेती योग गर्न नेती भाँडाको आवश्यकता पर्छ । जलनेती गर्ने भाँडा बजारमा पाइन्छन् । जुन नाकमा ठीकसँग सेट हुनुपर्छ ।
- अब नेती भाँडोमा एक लिटर मनतातो पानी लिने र यसमा एक चम्चा नुन हाल्नुपर्छ ।
- जलनेती गर्न दुई खुट्टाको बीचमा अलिकति दूरी राखेर बस्नुपर्छ ।
- टाउको अलि तल झुकाउने र मुखबाट सास फेर्न सुरु गर्ने, ताकि एउटा नाकबाट हालेको पानी अर्को नाकको प्वालबाट आउन सहज होस् ।
- कम्मरबाट अलिकति झुकेर पनि जलनेती योग गर्न सकिन्छ ।
- अब पानीले भरिएको नेती भाँडो लिनुहोस् र यसलाई आफ्नो दाहिने नाकको प्वालमा राखेर र बिस्तारै पानी खन्याउनुपर्छ ।
- अब फेरि देब्रे नाकको प्वालमा नेती भाँडोमा पानी हालेर दाहिने नाकको प्वालबाट पानी बिस्तारै हाल्नुपर्छ ।

जलनेती दिनको कुनै पनि समयमा गर्न सकिन्छ तर बिहानको समयमा गर्नु उपयुक्त हुन्छ । जलनेती साताको एकपटक गर्नु उपयुक्त हुन्छ । यदि कसैलाई रुघाखोकी लागेको छ भने यो दिनमा दुईदेखि तीनपटक गर्दा फाइदाजनक हुन्छ ।

यो अभ्यास पहिलोपटक गर्दा योग प्रशिक्षकको निगरानीमा मात्र गर्नुपर्छ । नाक, कान र घाँटीको शल्यक्रिया गरेका, ढाड दुख्ने समस्या भएका र गर्भवती महिलाले बाहेक सबैले यो अभ्यास गर्न सक्छन् ।

## फाइदा

- जलनेती गर्दा नाकभित्रको झिल्लीमा रगतको प्रवाह बढ्छ । यो नाकसम्बन्धी समस्याको लागि एक प्रभावकारी उपचार हो ।
- नुन पानीले नाक पनि सफा हुने हुँदा पिनास, रुघा र चिसो र प्रदूषणबाट बच्न सकिन्छ । यसले नाक वरपर कीटाणु बढ्न दिँदैन ।
- अनिद्राबाट पीडित व्यक्तिले नियमित रूपमा यसको अभ्यास गरेमा निन्द्रा लगाउन मद्दत गर्छ ।
- माइग्रेन भएकाहरूले यो अभ्यास गर्दा टाउको दुख्ने समस्या कम हुन्छ ।
- आँखासम्बन्धी समस्या जस्तै आँखा दुख्ने, आँखाको ज्योति गुम्ने उपचार यसमा गरिन्छ ।
- कानको रोग, सुन्ने समस्या र कानबाट पानी बग्ने रोगको उपचारमा यो लाभदायक हुन्छ ।

जलनेतीपछि नाकलाई सुख्खा राख्न कपालभाती प्राणायाम गर्नु लाभदायक हुन्छ ।

## कपालभाती

कपालभाती भनेको भित्रको सासबाहिर छाड्ने प्रक्रिया हो । जलनेतीपछि कपालभाती गर्नाले नाकलाई आराम मिल्नुका साथै नाकलाई सुख्खा राख्छ । त्यति मात्र होइन, यस विधिले नाकलाई सफा गर्ने, पाचनप्रणालीलाई स्वस्थ राख्ने, फोक्सोको कार्य क्षमतालाई बलियो बनाउने र शरीरभित्र शुद्ध अक्सिजन पुऱ्याउँछ । शरीरमा पर्याप्त अक्सिजन भएपछि रक्तप्रवाहमा समेत सहज हुन्छ र मनलाई शान्त बनाउँछ ।

## विधि

कपालभाती गर्न आफ्नो मेरूदण्ड सीधा राखेर आरामसँग बस्नुपर्छ । आकाशतर्फ हेर्दै भित्र लामो गहिरो सास लिने र छोड्ने गर्नुपर्छ ।

# कृषि कर्जा प्रवाह ..... 

देखिने महामारी, रोग–व्याधी, कीरा फट्यांग्रा आदिले पार्ने क्षतिको समेत सामना गर्नुपर्ने हुन्छ । यसरी अभाव र समस्यासँग जुध्दै उत्पादन गरिएका अन्नबाली तथा फलफूल उठाउने समयमा समेत मूल्य निर्धारण, बजारीकरण, अस्वस्थ प्रतिस्पर्धाजस्ता समस्याले दुःख दिने गरेका छन् । यसैले, यस क्षेत्रमा बढी जोखिम देखिन्छ । यस अवस्थामा गरिब किसान बैंकको नजरमा उच्च जोखिमको वर्गीकरणमा पर्न सक्नेछन् र कर्जाको पहुँचबाट ओझेलमा पर्नसक्ने देखिन्छ ।

पछिल्लो समयमा कृषिको जोखिम न्यूनीकरण गर्न कृषि बिमा कार्यक्रमलाई पनि साथसाथै लाने प्रयास गरिएको छ । यसका वाबजुद उनीहरूले अपेक्षित लाभ उठाउन सकेका छैनन् । यसैले, कृषि क्षेत्रको प्रवर्धनका लागि यसलाई सुरक्षित क्षेत्रका रूपमा परिचित गराउनुपर्ने आवश्यकता देखिएको छ । यसैकारण सर्वप्रथम कृषि क्षेत्रसँग सम्बन्धित उत्पादनदेखि उत्पादकत्वसम्म, व्यवसायीकरणदेखि बजारीकरणसम्म, आधुनिकीकरणदेखि आयआर्जनसम्मका समस्याहरूको समाधान खोज्नुपर्ने देखिन्छ ।


नगरौं विवाहका कुराः
भएको छैन बीस वर्ष पुरा

बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।



बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।

"सानै छु बढ्न देउ, विवाह हैन पढ्न देउ"

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर



थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सबै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# हेटौंडा उपमहानगरको कार्यपालिका बैठक बहिष्कार



◆ विकास संवाददाता

कर समायोजनको लागि विशेष नगरसभाको मिति तोक्न २० भाद्रमा बोलाइएको हेटौंडा उपमहानगरको कार्यपालिका बैठक नेपाली कांग्रेसले बहिष्कार गरेको छ। नेपाली कांग्रेसबाट निर्वाचित उपमेयर राजेश बानियाँसहित ८ जना वडाध्यक्षले बहिष्कार गरेपछि मेयर मीनाकुमारी लामाले कार्यपालिका बैठक स्थगित गरेकी छन् । उपमेयर बानियाँ राजश्व परामर्श समितिको संयोजकसमेत हुन् । २९ सदस्यीय कार्यपालिकामा २० भाद्र बिहान ८ बजेलाई तय भएको बैठकमा १६ जना सदस्य उपस्थित थिए ।

नेपाली कांग्रेसबाट निर्वाचित एक वडा अध्यक्षले पार्टीमा कर समायोजनको विषयमा छलफल जारी रहेकाले आज बोलाइएको बैठकमा उपस्थित नभएको जानकारी दिए । करको दर घटाउने विषयमा आवश्यक छलफलबाट मात्रै टुंगिने उनको भनाइ छ । बहुमत पुग्दा पनि मेयर लामाले एक पक्षीय रूपमा बैठक स्थगित गरेको भन्दै विशेष नगर सभा माग गरेका नेकपा एमालेबाट निर्वाचित वडा अध्यक्षहरूले आपत्ति जनाएका छन् । हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देलले उपमेयरसँग छलफल गरेर मात्रै अर्को बैठक तय गर्ने बताएर मेयरले एकपक्षीय तरिकाले बैठक स्थगित गरेको बताए ।

हेटौंडा-१ का वडाध्यक्षसमेत रहेका उपमहानगरका प्रवक्ता सविन न्यौपानेले उपमेयरसहित कांग्रेसका र नेकपा (एकीकृत समाजवादी)बाट निर्वाचित एक जना गरी १० जना वडा अध्यक्षहरू बैठकमा उपस्थित नभएको जानकारी दिए। उनले अर्को बैठक बोलाएर विशेष नगर सभा बोलाउनेबारे छलफल भइरहेको बताए । मकवानपुर उद्योग वाणिज्य संघको नेतृत्वमा साउन अन्तिममा कर वृद्धि विरूद्ध चरणबद्ध आन्दोलन भएको थियो। ३२ साउनमा व्यवसायीसँग उपमहानगरले कर वृद्धिको निर्णय फिर्ता लिनेसहित ८ बुँदे सहमति गरेको थियो ।

त्यसको दुई दिन अघि ३० साउनमा नेकपा एमालेका बहुमत नगरसभा सदस्यले कर समायोजन गरेर समस्या समाधानका लागि विशेष नगरसभा माग गर्दै मेयर लामालाई लिखित अनुरोध गरेका थिए । कानुनतः ३० दिनभित्र विशेष नगरसभा बोलाउनु पर्नेहुन्छ। ३० भदौभित्र विशेष नगरसभा बोलाउनु पर्ने दबावमा मेयर लामा छिन् ।

## हेटौंडाको विद्युत चुहावट १ प्रतिशतमा झर्यो

◆ विकास संवाददाता

हेटौँडा उपमहानगरपालिका क्षेत्रमा विद्युत् चुहावट एक प्रतिशतमा झरेको छ । विद्युत् चुहाबट नियन्त्रण अभियानअन्तर्गत हुकिङ नियन्त्रण, ग्राहकको बिलिङमा सुधार, लामो समयदेखि बन्द रहेको मिटर परिवर्तन र विद्युत् मिटर रिडिङमा सुधारलगायत प्राधिकरणको प्रणाली सुदृढीकरण भएसँगै आर्थिक वर्ष (आ.व.)२०८०/८१ मा पाँच दशमलव ६७ प्रतिशतले विद्युत् चुहावट घटेको हो ।

हेटौँडा क्षेत्रमा गत आ.व. २०७९/८० मा ६ दशमलव ६७ प्रतिशत विद्युत् चुहावट हुँदै आएकामा आ.व. २०८०/८१ मा विद्युत् चुहावट १ प्रतशतमा झरेको विद्युत् प्राधिकरण वितरण केन्द्र हेटौँडाका प्रमुख इन्जिनियर शिवराम यादवले जानकारी दिए। आ.व. २०८०/८१ मा विद्युत् चुहावट नियन्त्रण अभियानका क्रममा चुहावट गर्ने ग्राहकमाथि कारबाही गर्दा रू दुई लाख २९ हजार तीन सय ७९ महसुल संकलन भएको सो कार्यालयले जनाएको छ ।

यस्तै लामो समयदेखि विद्युत् महसुल नतिर्ने दुई हजार एक सय ९६ जना ग्राहकको विद्युत् लाइन काटिँदा दुई हजार एक सय १७ ग्राहकले पुनः विद्युत् जडान गराएको र त्यसबाट रू पाँच करोड ६५ लाख ८० हजार चार सय ४३ बक्यौता असुली भएको प्रमुख यादवले बताए । विद्युत् मिटर लिएर बिजुली उपभोग गर्ने तर लामो समयसम्म महसुल नबुझाउने प्रवृत्ति बढेकाले विद्युत् लाइन काट्ने अभियान चलाएको उहाँको भनाइ छ । अभियान सुरू भएपछि महसुल संकललनमा सुधार भएको छ ।

आ.व. २०८०/८१ म सो कार्यालयले रू दुई अर्ब ५४ करोड ५७ लाख पाँच हजार पाँच सय २३ मूल्य बराबरको विद्युत् बिक्री हुँदा रू दुई अर्ब ४२ करोड ४३ लाख ३१ हजार तीन सय २५ महसूल संकलन भएको प्रमुख यादवले जानकारी दिए ।

# राक्सिराङका ७५ जना विद्यार्थीलाई पोशाकसहित सरसफाईका सामग्री



◆ विकास संवाददाता

राक्सिराङ गाउँपालिका-५ जुर्लिङस्थित लोकप्रिय प्राथमिक विद्यालयमा अध्ययनरत ७५ जना विद्यार्थीलाई पोशाकसहित सरसफाईका सामग्री हस्तान्तरण गरिएको छ ।

संविधानसभा सदस्य राजाराम स्याङ्तानको उपस्थितिमा विद्यार्थीलाई सहयोग हस्तान्तरण गरिएको हो। जर्जिया बसोबास गर्दै आएका दम्पती कर्ण गुरूङ, पेमा गुरूङ र उनीहरूको छोराहरू सलिन र समिन गुरूङको तर्फबाट प्राप्त भएको पोशाक तथा सरसफाईका सामग्री विद्यार्थीलाई हस्तान्तरण गरिएको हो ।

जुर्लिङमा रहेको विद्यालयका बालबालिकाको नाजुक अबस्था देखेपछि गुरूङ परिवारको तर्फबाट सहयोग प्राप्त भएको हो । सहयोग उपलब्ध गराउन समाजसेवी रेखा तामाङ लोप्चनले अगुवाई गरेकी छन्। चेपाङ बालबालिकाको निम्ति टिफिनबक्स, पानीखाने बोत्तल, स्याम्पु, साबुन, ब्रस, मन्जनलगायत विभिन्न सामग्रीहरू दिइएको लोप्चनले जानकारी दिइन। गुरूङ परिवारले चेपाङ समुदायको दुईजना बालबालिकालाई डाक्टर पढाउन सहयोग गर्नेसमेत घोषणा गरेका छन् । स्कुले शिक्षा पुरा भएपछि दुईजनालाई एमबिविएससम्मको अध्यापनमा सहयोग गर्ने प्रतिबद्धता गुरूङले ब्यक्त गरेको लोप्चनले जानकारी दिइन् ।

सहयोग हस्तान्तरण कार्यक्रममा संविधानसभा सदस्य स्याङतान, स्थानीय अगुवा कृष्णबहादुर चेपाङ, युवा नेता सगुन स्याङतान, रामशरण प्रजालगायतको उपस्थिति थियो । संविधानसभा सदस्य स्याङतानले विकटका विपन्न चेपाङ बालबालिकाको उज्वल भविष्यको लागि सबै एकजुट भएर लाग्नुपर्ने बताए। जुर्लिङमा अध्ययन गर्ने अधिकांश बाल बालिका चेपाङ समुदायका छन् ।

# थाहानगरका १ सहित मकवानपुरका ६ कैदी माफी पाएर रिहा हुँदै

◆ विकास संवाददाता

कारागार व्यवस्थापन विभागले कैदीलाई कैद छुट गरी जेलमुक्त गर्न थाहा नगरपालिकाका १ जनासहित मकवानपुर जिल्लाको ६ जनाको नामावली प्रस्ताव भएको छ । विभागले असोज ३ मा संविधान दिवसको अवसर ५० प्रतिशतभन्दा बढी कैद सजाय भुक्तान गरेका ४ सय ९२ कैदीलाई कैद छुट गरी जेलमुक्त गर्ने प्रक्रिया अघि बढाएको हो ।

प्रक्रियामा अघि सारिएको मध्ये कर्तव्य ज्यान र डाँका मुद्दामा जेल परेका मकवानपुर थाहा नगरपालिका वडा नम्बर ११ का विर बहादुर गोले पनि छन्। उनी कर्तव्य ज्यान र डाँका मुद्दामा वि.सं. २०७८ पुस ५ गते कैद परेका थिए । त्यस्तै मकवानपुरको मनहरी गाउँपालिका वडा नम्बर २ का माधव तामाङ लामा भन्ने मायते गोले र विजय गोले पनि छन् । उनीहरू गैडा मारी खाग बिक्रि व्यवसाय सम्बन्धी मुद्दामा जेल परेका थिए। २०७१ कार्तिक ५ गते कैद परेका दुवैलाई जेल मुक्त गर्नका लागि प्रकाशित सूचनामा प्रस्ताव गरिएको छ ।

त्यसैगरी नकबजनी चोरी र अभद्र व्यवहार मुद्दामा २०७९ साउन ९ गते कैद परेका हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ संजय देउला पनि कैद मिनाहाको लिस्टमा छन् । नकबजनी चोरी मुद्दामै २०७९ साउन ९ गते कैद परेका हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ का दिवस बल लामा, बहु विवाह मुद्दामा २०८० असोज २२ गते कैद परेका हेटौंडा-१७ का अन्जन प्रसाद कोइराला र कर्तव्य ज्यान मुद्दामा २०७२ पुस २२ गते कैद परेकी बकैया गाउँपालिका वडा नम्बर ५ की रमिला माझी पनि कैद मिनाहाको सिफारिसमा परेकी छिन् ।

विभिन्न कसुरमा कैदमा रहेका कैदीहरूको कैद छुटका लागि सार्वजनिक सूचना आह्वान नै गरेर विभागले प्रक्रिया अघि बढाएको हो। कारागार व्यवस्थापन विभागले सूचना जारी गर्दै कैदीबन्दीको नामावलीसहित सातदिने सूचना निकालेको छ। कैद कट्टा गर्न लागिएका व्यक्तिमाथि कुनै गुनासो भए सात दिनभित्र उजुरी दिन विभागले सूचना जारी गरेको छ । सरकारले एक वर्षमा विभिन्न उपलक्ष्यमा चार पटकसम्म कैद कट्टा गरेर कैदीहरूको रिहा गर्न सक्छ ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. विक्रेताले विक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी विक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६ नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. वासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुवाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीवाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# थाहानगर ३ नम्बर वडाको डाँडागाउँमा रोगकीरा नियन्त्रण सम्बन्धी तालिम



◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर ३ मा रहेको बागेश्वरी कृषि सहकारी संस्था र मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको सहआयोजनामा डाँडागाउँमा रोग किरा व्यवस्थापन तथा बाली उपचार तालिम भएको छ । तालिममा कृषि क्याम्पस रामपुरका सागर पाण्डेले रोग किरा व्यवस्थापन गर्न कीट्नाशक कोकोपिट उपयोग गर्न सकिने बताए ।

बेर्ना सार्नु भन्दा अघि माटोको पिएच मापनको आधारमा कृषि चुन प्रयोग गर्नुपर्ने उनको भनाइ थियो । सन्तुलन मिलाएर मल प्रयोग गर्न सकेमा माटोको स्थिति नबिग्रने र उच्च प्रतिफल पाइने पाण्डले बताए । टनेल खेतीको क्रममा नेमाटोडको समस्या देखिएमा मलमा ५ केजी तोरीको पिना प्रयोग गर्न सकिने पनि उनको भनाइ थियो । प्रतिरोपनीमा खेती गर्दा नेमाटोडको समस्या देखिएमा नीम वा तोरीको पिना प्रयोग गर्न उनले आग्रह गरे । कीट्नाशक नियन्त्रणको लागि कपार टाप हाइड्रोक्लोराइड फिब्रोनिल प्रयोग गर्न सकिने पाण्डेले बताए ।

बेर्ना रोप्ने दिन विभिन्न तरिका अपनाउनु पर्ने बताउँदै बेर्ना सारेपछी पनि विभिन्न पक्षमा ध्यान दिनुपर्ने कुराहरूको विषयमा उनले छलफल गरेका थिए । आवश्यकता अनुसार तरकारी फलफूलको बोट काँटछाट गर्नुपर्नें लगायतको स्फ्हरूकोमा केन्द्रि सहजीकरण गरेको थियो । तालिममा बालीलाई हानी पुर्याउने कीरा रोग र तिनका समाधानका उपायहरू पनि सुझाइएको थियो ।

# थाहानगरको करको दायरामा १८ संस्थागत करदाता समेटिए

◆ विकास संवाददाता

थाहा नगरपालिका क्षेत्रमा रही सेवामूलक व्यवसाय संचालन गर्दै आएका १८ संस्थागत करदाता पालिकाको करको दायरामा आएका छन् । नगरपालिकाले प्रकाशन गरेको आर्थिक वर्ष २०८०/०८१ को वार्षि समीक्षा प्रतिवेदन मार्फत उक्त तथ्याङ्क सार्वजनिक गरिएको छ ।

यसरी करको दायरामा आउने संस्थागत करदाताहरूमा निजी विद्यालयतर्फ ५ वटा रहेका छन् । बैङ्किङ ३ वटा, लघुवित्त ७ वटा, बीमा कम्पनी ५ वटा र सहकारी संस्था १८ वटा रहेको उद्योग विकास शाखा प्रमुख रोजिना खड्काले जानकारी दिइन् । करको दायरामा आएका कतिपय व्यवसाय नयाँ पनि रहेका छन् भने कतिपय लामो समयदेखि कर नतिर्ने संस्थाहरू समेत रहेको खड्काले जानकारी दिइन् । पटक( पटकको पालिकाको सहजीकरण मार्फत उनीहरू करको दायरामा आएको उनको भनाइ थियो ।



यसैबीच समीक्षा प्रतिवेदनमा पाँच लाखसम्म पूँजी भएका उद्योगहरू नगरपालिकाले दर्ता दर्ता गर्दै आएको जनायएको छ । हालसम्म थाहा नगरपालिकामा १ हजार ४ सय १९ व्यवसायहरू प्रणालीमा आवद्ध भएको समेत समीक्षा प्रतिवेदनमा उल्लेख गरिएको छ । उद्योग वाणिज्य संघ र थाहा नगरपालिकाको सहकार्यमा आर्थिक वर्ष २०८०/०८१ मा उद्योग वाणिज्य संघको भवनमा ४ दिने कर शिविर सञ्चालन गरिएको प्रतिवेदनमा उल्लेख छ । शिविर का माध्यमबाट वडा नम्बर १, २, ३, ४, ६, ११ र १२ का संस्थागत व्यवसायलाई करको दायरामा ल्याइएको बताइएको छ ।

पालिकाको आन्तरिक स्रोत बढाउनका लागि आर्थिक ऐनले तोकेको कर संकलनलाई कडाइ गरिने प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीको प्रतिक्रिया छ ।

करलाई सेवाप्रवाहसंग जोडेर भएपनि दायरामा नआएका करदातालाई दायरामा ल्याइने प्रशासकीय अधिकृत गिरीको भनाइ छ । यसका लागि कर्मचारी, जनप्रतिनिधि र सम्पूर्ण सरोकारवालाहरूको सहकार्य आवश्यक रहेको उनको भनाइ छ ।

# थाहानगरका युवा शेयर बजारतर्फ आकर्षित, ७० जनाले लिए तालिम

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका क्षेत्रका युवाहरू शेयर बजारतर्फ आकर्षित भएका छन् । उनीहरूले लियो क्लब अफ पिस थाहानगरको आयोजनामा २२ भाद्रमा संचालन भएको तालिम समेत लिएका छन् ।

पालुङ जेसिज सभाहलमा भएको तालिममा ७० बढि युवाको सहभागिता रहेको क्लबका सचिब अजय कार्कीले जानकारी दिए । पछिल्लो समय शेयर बजारबाट पनि राम्रो आम्दानी गरिरहेको उदाहरणहरू प्रस्तुत भैरहँदा थाहानगरका युवाहरू पनि तालिमतर्फ आकर्षित भएका हुन् । तालिमका सहभागीहरूलाई शेयर बजारका विज्ञ सुभासाचन्द्र भट्टराइले सहजीकरण गरेका थिए । प्रशिक्षक भट्टराइले तालिममा शेयर बजार सम्बन्धी सैद्धान्तिक ज्ञान, व्यवहारिक तालिम, जोखि व्यवस्थापन, मुल्याङ्कन र विश्लेषण, मानसिकता र अनुसाशन, समसामयिक बजारको जानकारीलगायतको विषयमा सहजीकरण गरेका थिए ।

तालिमका साथमा प्रश्नोत्तरसहित भट्टराइले शेयर बजार सम्बन्धित अनुभवहरू समेत उल्लेख गरेका थिए । थाहानगरमै पहिलो पटक आयोजना




गरिएको यस किसिमको तालिमप्रति युवाको आकर्षणलाई उनले सकारात्क सूचक भएको बताए । कार्यक्रमको उद्घाटन गर्दै थाहा नगरपालिकाका प्रमुख विष्णु बहादुर विष्टले लगानीकर्ता उत्पादन गर्ने यस किसिमको तालिमले अर्थतन्त्रमा योगदान पुग्ने अपेक्षा गरे । शेयर बजारले नेपालको अर्थतन्त्रमा योगदान पुऱ्याएको उल्लेख गर्दै प्रमुख विष्टले परिवर्तनका लागि लायन्स र लियो क्लबको सिद्धान्तलाई व्यवहारमा उतार्न अनुरोध गरे ।

तालिम उद्घाटन कार्यक्रममा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपाली, लायन्स क्लब अफ थाहा पिसका संस्थापक अध्यक्ष सुरेन्द्रमान प्रधान र लियो जिल्ला परिषद् ३२५ एमका जिल्ला उपाध्यक्ष प्रवेशकुमार कार्कीको विशेष आतिथ्यता रहेको थियो । क्लबका अध्यक्ष शिशिर कुमार खत्रीको अध्यक्षतामा भएको तालिम कार्यक्रम उद्घाटन कार्यक्रमका अतिथी र सहभागीहरूलाई क्लबकी प्रथम उपाध्यक्ष शितल बिष्टले स्वागत गरिन् । कार्यक्रममा थाहा नगरपालिका वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्रकुमार रायमाझी, पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष कृष्णबहादुर बिष्ट, पालुङ जेसीज बर्ष २०२४का अध्यक्ष निरज रायमाझी, अर्थ सरोकारका सञ्चालक सुरज प्याकुरेल, ग्लोबल ईन्स्टिच्युट एन्ड कन्सल्टेन्सीका प्रवन्धक निर्देशक जीवनकुमार बस्नेत, लायन्स क्लब अफ थाहा पिसका पूर्व अध्यक्षहरू जयराम खत्री, गीता कार्की, लियो क्लब पिस थाहानगरका पूर्व अध्यक्ष कमल बिष्ट लगायतको आतिथ्यता रहेको थियो ।

लायन्स क्लब अफ थाहा पिस, पालुङ जेसिज र ग्लोबल ईन्स्टिच्युट एन्ड कन्सल्टेन्सीको सहयोगमा भएको कार्यक्रमको अफिसियल मिडियाहरू पालिका प्रेस डटकम, अर्थ सरोकार, थाहापाटी, थाहा टाइम्स, बाइरोड, दामन एफएम, टिम टिभी र स्टार अनलाइनखबर रहेका थिए । कार्यक्रम सचिव अजय कार्कीले संचालन गरेका थिए । तालिमका सहभागीहरूलाई प्रमाणपत्र पनि वितरण गरिएको छ ।

**थाहा नगरपालिकालाई नमुना बनाउन हातेमालो गरौं ।**

- जन्म, मृत्यू, बिवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनासमयमै दर्ता गरौं ।
- खानेपानिका मुहान, संरचनाहरु सफा र सुरक्षित राखौं, आगलागि तथा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपमा सावधानी अपनाऔं ।
- नगरपालिकाभित्र सञ्चालन हुने सबै प्रकारका व्यापार व्यवसाय नगरपालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- बालश्रम, बालबिवाह रोकौं, निर्णायकमा बालबालिका सहभागीता थपौं ।
- बालवालिकाको पालपोशण र शिक्षामा लगानि गरौं ।
- समयमै कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- हरेक बालवालिकाले शिक्षा पाउनु उनिहरको नैसर्गिक अधिकार हो, त्यसैले बिधालय भर्ना गर्न उमेर पुगेका आफ्ना नानिबाबुहरुलाई समयमै विधालय पठाऔं ।
- नगरपालिकालाई बालमैत्रि बनाउने अभियानमा सहभागी बनौं ।
- छोराछोरीमा भेदभाव नगरौं, सबै बालबालिकालाई विधालय पठाऔं ।
- घरेलु हिंसा विरुद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग गरौं ।
- नियमित रुपमा लगाउनुपर्ने खोपहरु स्वास्थ्यसस्थामा बच्चालाई लिई समयमै खोप लगाई बाल मृत्यूदर घटाऔं ।
- आ-आफ्नो घर वरिपरि आफै सफा सुग्घर गरौं । स्वच्छ र शान्त वातावरण कायम गरौं ।
- प्रत्येक घरधुरि, संघसस्था, सार्वजनिक स्थानहरुमा चर्पि निर्माण गरी चर्पीमा मात्र दिसापिसाव गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
# विकास
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
२०८१ भाद्र २४ गते सोमबार, 09 Sep., 2024, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


## एकैवर्ष ४ हजार ..... .. ..

परिवारलाई वितरण गरिएको शाखा प्रमुख तिवारीले जानकारी दिए । नमुना टनेल र थोपा सिंचाइसहित ५० प्रतिशत अनुदानमा ५ सय वर्ग मिटरको टनेल आर्थिक वर्ष २०७९/०८० मा ५४ परिवारलाई वितरण गरेकोमा आर्थिक वर्ष २०८०/०८१ मा ४९ परिवारलाई वितरण गरिएको छ । नमुना टनेल र थोपा सिंचाइसहित ५० प्रतिशत अनुदानमा १ हजार वर्ग मिटरको टनेल आर्थिक वर्ष २०७९/०८० मा १८ परिवारलाई वितरण गरिएको थियो । नमुना टनेल र थोपा सिंचाइसहित ५० प्रतिशत अनुदानमा २५ सय वर्ग मिटरको टनेल र थोपा सिचाईसहित आर्थिक वर्ष २०८०/८१ मा ५ परिवारलाई वितरण गरेको कृषि विकास शाखाको तथ्याङ्कले देखाएको छ ।

थाहानगरको कृषि विकास शाखाले ५० प्रतिशत अनुदानमा तरकारी नर्सरी स्थापनाका लागि आर्थिक वर्ष २०७९/०८० मा २ वटा नर्सरीलाई अनुदान वितरण गरेको छ । कृषि यान्त्रिकरणतर्फ दुई आर्थिक वर्षमा ३ सय ७५ वटा मिनी टिलर (ट्याक्टर) वितरण गरेको छ । कृषि विकास शाखा तथा संघ प्रदेश र विभिन्न परियोजनाको समेत गरी आर्थिक वर्ष २०७९/८० मा १ सय २३ वटा मिनीटिलर वितरण गरेको पालिकाले आर्थिक वर्ष २०८०/०८१ मा २ सय ५२ वटा वितरण गरेको छ ।

शाखाले ७५ प्रतिशत अनुदानमा बायोटिन कृषि चुन आर्थिक वर्ष २०७९/०८० मा २ सय ८६ परिवारलाई वितरण गरेकोमा आर्थिक वर्ष २०८०/०८१ मा त्यस संख्यामा ३ सय ७९ परिवार थप्दै ६ सय ६५ परिवारलाई वितरण गरेको छ । धान र मकैको उन्नत तथा हाइब्रिड विउमा नगर पालिकाले ५० प्रतिशत अनुदानमा वितरण गरेको छ । उक्त विउ आर्थिक वर्ष २०७९/०८० मा ५ सय २५ परिवारलाई वितरण गरेकोमा आर्थिक वर्ष २०८०/०८१ मा १ हजार ३३ परिवारलाई वितरण गरेको छ । त्यसैगरी ५० प्रतिशत अनुदानमा हिउँदे तथा वर्षे फलफुलको विरूवा दुई आर्थिक वर्षमा गरी २ सय ७० परिवारलाई वितरण गरेको छ भने आकस्मिक बाली संरक्षण सेवा अन्तर्गत निःशुल्क बिषादी २ हजार ७ परिवारलाई वितरण गरिएको कृषि विकास शाखा प्रमुख संजय तिवारीले जानकारी दिए ।




## थाहामा खानेपानीको 'हाउस कनेक्शन' सुरू, प्लम्बरहरू सूचीकृत !

◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर १, २, ३ र ४ मा निर्माणाधिन पालुङ वृहत खानेपानी आयोजनाको 'हाउस कनेक्शन' अर्थात घरमा निजी धारा जडान कार्य शुरू भएको छ । मुख्य पाइपलाइनमा पानी वहाब परीक्षण पश्चात् धारा जडान कार्य पनि शुरू गरिएको हो ।

यसअघि शिखरकोट बजार क्षेत्रमा केही धारा जडानको कार्य शुरू भएकोमा २१ भाद्रमा जेसिज मार्ग अन्तर्गतका घरहरूमा धारा जडान गरिएको हो । मुख्य पाइप लाईन विस्तार भएको क्षेत्रमा क्रमशः धारा जडानको कार्य संचालन गरिने समितिकी शकुन्तला गोपालीले जानकारी दिइन् । योजना अन्तर्गत मुख्य पाइपलाईन (३२ एमएम सम्मको) विस्तार निर्माण कम्पनीका तर्फबाट र बाँकी घरसम्मको लाइन (२५ एमएम) बाहेक २० एमएमको पाइप खरिद र खन्नेपुर्ने कार्य ग्राहकले गर्नुपर्ने समितिले जनाएको छ । 'हाउस कनेक्शन' का लागि आवश्यक प्लम्बिङ खर्च नगरपालिकाले बेहोर्ने र सामान भने घरधनीले खरिद गर्नुपर्ने जनाइएको छ ।



यसैबीच 'हाउस कनेक्शन'का लागि प्लम्बिङ सेवा लिन थाहानगर खानेपानी व्यवस्थापन बोर्डले प्लम्बरहरू सूचीकृत गरी सार्वजनिक गरेको छ । सूचना प्रकाशित गरी प्लम्बरहरूलाई सूचीकृत भएका हुन् । 'हाउस कनेक्शन'का लागि सूचीकृत प्लम्बरलाई काम लगाउँदा घरधनीले ज्याला दिनु नपर्ने समितिले जनाएको छ । समितिले पायक पर्ने प्लम्बर मार्फत 'हाउस कनेक्शन' गर्नका लागि ग्राहकहरूलाई अनुरोध समेत गरेको छ ।

संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, थाहा नगरपालिका र उपभोक्ताहरूको संयूक्त लगानीमा निर्माणाधिन पालुङ वृहत खानेपानी आयोजनाको करिब ८० प्रतिशत काम सम्पन्न भएको छ । बाँकी काम आउँदो मंसिरसम्म सक्नुपर्ने नेपाल सरकारसंग सम्झौता छ ।

## डेंगीका लक्षणहरू !

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरू आउनु ।
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## थाहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

### सामाजिक सुरक्षा भत्ता परिचय पत्र नविकरण सम्बन्धी अत्यन्त जरुरी सूचना




सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्नुपर्ने व्यवस्था बमोजिम यस नगरपालिका अन्तर्गतका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा उपस्थित भई तोकिएको ढाँचामा निवेदन दिई मिति : २०८१ 08 01 गते देखि भाद्र मसान्त भित्र आफ्नो सामाजिक सुरक्षा भत्ता परिचय पत्र नविकरण गर्नु/गराउनु हुन अनुरोध छ । भाद्र मसान्तभित्र आफ्नो सामाजिक सुरक्षा भत्ता परिचय नविकरण नगराएमा प्रणालीबाट स्वतः लगत कट्टा हुने र त्यस्ता लाभग्राहीहरुले सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम नयाँ लाभग्राही सरह आवेदन दिनु पर्ने व्यवस्था रहेको समेत जानकारी गराईन्छ ।

परिचय पत्र नविकरण गर्दा राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरिएकोले विवरण दर्ता गराउनु भएको लाभग्राहीहरुले आवश्यक कागजात सहित राष्ट्रिय परिचयपत्र नम्बर वा आवेदन फारम पेश गर्नुहुन साथै विवरण दर्ता नगराएका लाभग्राहीहरुले जिल्ला प्रशासन कार्यालयमा गई विवरण दर्ता गराउन हुन जानकारी गराईन्छ । तोकिएको समयमा राष्ट्रिय परिचय पत्र नम्बर सहित Biometric Verification नगराएमा सामाजिक सुरक्षा भत्ता उपलब्ध नहुने व्हिोरा अनुरोध छ ।

**पुनश्च: बालबालिका, आफ्नो हेरचाह गर्न नसक्ने, अशक्त, असहाय वा ९० बर्ष भन्दा माथिका ज्येष्ठ नागरिकको हकमा परिचय पत्र विवरण दर्ता नभए पनि सामाजिक सुरक्षा भत्ता लिन बाधा नपर्ने व्यहोरा जानकारीको लाग अनुरोध छ ।**

थप जानकारीका लागि थाहा नगरपालिका एम.आइ.एस. सेवा इकाइ थाहा नगरपालिका वा वडा कार्यालयहरुमा सम्पर्क गर्नुहुन अनुरोध छ ।




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी